# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, माघ १४ गते २०६४ साल (संख्या ४१

## भाग ५

### सर्वोच्च अदालतको

### सूचना १

न्याय परिषद्को सिफारिसमा सम्माननीय प्रधानन्यायाधीश श्री केदारप्रसाद गिरीले मिति २०६४।९।१० गतेदेखि लागू हुने गरी दुई वर्षका लागि राष्ट्रिय न्यायिक प्रतिष्ठानको "कार्यकारी निर्देशक" पदमा सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री टोपबहादुर सिंहलाई नियुक्ति गर्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

यस अदालतको मिति २०६४।९।११ को निर्णयानुसार नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित तृतीय श्रेणीका शाखा अधिकृत श्री होमनाथ पोखरेलले आफ्नो घरायसी कारण देखाई मिति २०६४।४।२३ गतेदेखि लागू हुने गरी दिनु भएको स्वेच्छिक राजीनामा निजामती सेवा नियमावली, २०५० को नियम १२८क. को उपनियम ३ को खण्ड (ख) बमोजिम स्वीकृत गरिएकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

## सूचना ३

यस अदालतको मिति २०६४।६।२२ को निर्णयानुसार नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित तृतीय श्रेणीका शाखा अधिकृत श्री हरिहर पौडेल निजामती सेवा ऐन, २०४९ को दफा ६१ को खण्ड (छ) बमोजिम बिदा स्वीकृत नगराई लगातार मिति २०६१।६।१५ गतेदेखि गैरहाजिर रहनु भएकोले सोही ऐनको दफा ५९ को खण्ड (ख) को उपखण्ड (१) बमोजिम निजलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाइएकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
नारायण प्रसाद शर्मा
शाखा अधिकृत



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. ५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।